## ५० प्रतिशत अनुदानमा संचालन हुने पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि–२०७५

# शुद्धोधन गाउँपालिका,

मानपकडी रुपन्देही

५ नं. प्रदेश

# ५० प्रतिशत अनुदानमा संचालन हुने पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५

गाउँकार्यपालिका वैठकबाट निर्णय मिति २०७५/०६/२४

**प्रस्तावना**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन ब्यवसायलाई व्यवस्थीत, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वास्थय एवं गुणस्तरीय पशुपंक्षिजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजनाका लागि गाउँपालिका स्तरबाट संचालन हुने पशुपालक कृषकलाई लक्षित गरी संचालित ५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रममा एकरुपता कायम राखी सञ्चालन हुन सकोस भन्ने अभिप्रायले शुद्धोधन गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ११, खण्ड ण संग सम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम ५० प्रतिशत अनुदानमा संचालन हुने पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ हुनेछ ।

ख) यो कार्यविधि शुद्धोधन गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्भनुपर्दछ ।

ख) सम्वन्धित शाखा भन्नाले शुद्धोधन गाउँपालिका पशु सेवा शाखालाई सम्भनु पर्दछ र सो शब्दले गाउँपालिका अर्न्तगत वडामा रहेका पशु सेवा केन्द्रलाई समेत जनाउदछ ।

ग) साभेदार भन्नाले ५० प्रतिशत अनुदानमा लागत सहभागितामा सञ्चालन गर्नका लागि इच्छुक सहकारी संघ संस्था र निजी क्षेत्रलाई समेत जनाउदछ ।

घ) साभेदारी भन्नाले ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालनका लागि २ वा २ भन्दा बढी सरकारी निकायहरु वा सहकारी एवं गैरसहकारी क्षेत्र बिच द्विपक्षिय/बहुपक्षिय सम्भौताका आधारमा हुने लागत सहभागितालाई समेत जनाउदछ ।

ङ) गैरसरकारी क्षेत्र भन्नाले नेपाल सरकारको सम्वन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समुह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यवसायिक संगठन, फर्म, कम्पनी एवं निजी उद्यमी समेतलाई जनाउदछ ।

च) द्विपक्षिय/बहुपक्षिय सम्भौता भन्नाले सम्वन्धित कार्यालय र साभेदारहरुका बिच ५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रम साभेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्भौता पत्र सम्भनु पर्दछ ।

छ) काउ म्याट भन्नाले गाई भैंसीलाई भुईमा ओछ्याउन प्रयोग गरिने रबरको म्याटलाई सम्भनु पर्दछ ।

किशुन चन्द्र चौधरी
अध्यक्ष

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

ञ) च्याफ कटर भन्नाले घाँस र परालआई स-साना टुक्रा पार्न प्रयोग गरिने मेशिनलाई सम्भन्नु पर्दछ ।

झ) मिल्क क्यान भन्नाले दुध संकलन गर्ने अल्मुनियमको भाँडोलाई सम्भन्नु पर्दछ ।

ञ) घाँस काट्ने मेशिन भन्नाले भुई घाँस काट्ने मेशिनलाई सम्भन्नु पर्दछ ।

ट) मिल्कीङ्ग मेशिन भन्नाले गाई भैंसीको दुध दुहुन प्रयोग गरिने मेशिनलाई सम्भन्नु पर्दछ ।

ठ) सहकारी भन्नाले सहकारी ऐन २०४८ अनुसार गठित सहकारी संस्थालाई सम्भन्नु पर्दछ ।

ड) प्रस्ताव भन्नाले साझेदारीमा ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्यविवरण लाई सम्भन्नु पर्दछ ।

ढ) घाँसको बिउ भन्नाले हिँउदमा खेती गर्ने जै, बर्सिम र बर्षामा खेती गरिने टियोसेन्टी, सुडान बाजरा घाँसको बिउलाई सम्भन्नु पर्दछ ।

ण) गोठ सुधार भन्नाले पशु बस्ने ठाउँको व्यवस्थापन,सुधार र मर्मत कार्यलाई सम्भन्नु पर्दछ ।

**३. उद्देश्य :**

क) ५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमहरु निश्चित विधि र प्रकृया अर्न्तगत एकरुपता कायम राखी संचालन गर्ने ।

ख) स्वच्छ, स्वास्थ्य एवं गुणस्तरीय पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चित गर्नमा सघाउ पुऱ्याउने ।

## परिच्छेद २

**४) साझेदारी सम्बन्धी व्यवस्था :**

क)शुद्धोधन गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रम वजेट बमोजिम निम्न बमोजिमको कार्यक्रमहरु संचालन गर्नका लागि साझेदारी गर्न र गराउन सक्नेछन् ।

| क.सं. | कार्यक्रम | सम्भावित साझेदारहरु |
|---|---|---|
| १ | गोठ/खोर सुधार कार्यक्रम | व्यवसायिक पशुपालक कृषक |
| २ | काउ म्याट खरिद | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |
| ३ | मिल्क क्यान खरीद | व्यवसायिक पशुपालक कृषक, समुह, समिति, सहकारी तथा दुग्ध उत्पादक सहकारी संस्थाहरु |
| ४ | च्याफ कटर खरिद | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |
| ५ | घाँस काटने मेसिन खरिद | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |
| ६ | मिल्कीङ्ग मेसिन खरिद | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |
| ७ | घाँसको बिउ खरिद | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |
| ८ | मासु पसल सुधार | मासु व्यवसायिहरु |
| ९ | दुधको विविधिकरण | व्यवसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु |

किशुन चन्द्र चौधरी
अध्यक्ष

ख) सम्भावित साझेदारहरुको छनौट गर्दा बुदाँ ४ (क) मा उल्लेखित प्राथमिकता प्रदान गरिनेछ ।

ग) ५० प्रतिशत अनुदान कार्यक्रम अर्न्तगत प्रस्ताव छनौट गर्दा विगत २ बर्ष भित्र अनुदान लिई सकेको साझेदारलाई उहि कार्यक्रमका लागि पुनः छनौट गरिने छैन ।

घ) अनुदानको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदान रकम दुरुपयोग भएको पाईएमा त्यस्ता अनादनग्राहीलाई कालोसूचीमा राखी कार्यवाहीको दायरामा ल्याइनेछ र सरकारी बाँकी सरह अनुदान रकम असूल उपर गरिनेछ ।

## परिच्छेद ३

### ५) प्रस्ताव आव्हान र पेश गर्ने विधि :

क) शुद्धोधन गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी ५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रम सञ्चालनको लागि अनुसूची १ बमोजिम सूचना प्रकाशित गरी प्रस्ताव आव्हान गरिनेछ ।

ख) इच्छुक साझेदारहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र अनुसूची २ बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना, अनुसूची ३ बमोजिमका लागत साझेदारी गर्ने प्रतिबद्धता, अनुसूची ४ बमोजिम सम्बन्धित वार्ड कार्यालयको सिफारिस र अनुसूची ५ बमोजिमको निवेदन सहित निर्धारित समय सिमा भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

ग) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

घ) म्याद थप सम्बन्धी व्यवस्था : सम्वन्धित साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु देहायको समयमा कुनै पनि कारणवश वार्षिक लक्ष्य पुग्नेगरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा म्याद थपको सूचना प्रकाशन गर्नेछ ।

### ६. प्रस्ताव छनौट :

शुद्धोधन गाउँपालिकाले बुदा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरु छनौट गर्नका लागि निम्न बमोजिमको प्रस्ताव छनौट समिति गठन गर्नेछ ।

क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत पदाधिकारी संयोजक-१

ख) आर्थिक बिकास समिति संयोजक वा निजले तोकेको प्रतिनिधि सदस्य १

ग) योजनाको काम हेर्ने पदाधिकारी सदस्य-१

घ) लेखा शाखा प्रमुख सदस्य-१

ङ) पशुसेवा शाखा प्रमुख सदस्य सचिव-१

**नोट** : क) सम्बन्धित कार्यालय प्रमुखले आवश्यक ठानेमा सोही वा अन्य कार्यालयको १ जना सदस्य थप मनोनयन गर्न सक्नेछ ।

ख) प्रस्ताव छनौट समितिले अनुसूची ६ बमोजिमको निर्धारित मापदण्डको आधारमा प्रस्तावहरुको मूल्याङ्कन र प्राथमिकता क्रम निर्धारण गर्नेछ ।

ग) यसरी प्राथमिकताक्रम निर्धारण गर्दा बढी अंक प्राप्त गरी अग्रणी स्थान हाँसिल गर्न सफल प्रस्तावहरु दफा ६ (क) बमोजिमको प्रस्ताव छनौट समितिका पदाधिकारी वा सम्बन्धित कार्यालय प्रमुखले गठन

गरेको पशुसेवा शाखा मातहतका अन्य प्राविधिकहरुको कम्तिमा २ सदस्यीय टोलीले अनुसूची ६ बमोजिम स्थलगत प्रमाणिकरण र मूल्याङ्कन गर्नेछ।

घ) दफा ६ ख र ग बमोजिमको मूल्याङ्कनमा आवेदकले प्राप्त गरेको औषत अंकका आधारम साझेदारीका लागि उपयुक्त ठहरेका आवेदकहरु सूची तयार गरी प्रस्ताव छनौट समितिले अनुमोदनक लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ।

ङ) यसरी प्रस्ताव छनौट समितिले सिफारिस गरी अनुमोदनका लागि पेश भएका प्रस्तावहरु अनुसूची ८ बमोजिमको गाउँपालिका पशु विकास कार्यदलको बैठकले आवश्यक जाँचबुझ गरी उपयुक्त प्रस्तावहरुको अनुमोदन गर्नेछ।

च) यसरी छनौट र अनुमोदन हुन सफल भएका आवेदकलाई सूचना प्रकाशन गरी फोनबाट समेत जानकारी गराई १५ दिन भित्र द्विपक्षिय सम्झौताको लागि बोलाईनेछ। तोकिएको अवधिभित्र द्विपक्षिय सम्झौता हुन नसकेको सर्न्दभमा बैकल्पिक प्रस्तावकलाई सात दिनको म्याद दिई द्विपक्षिय सम्झौताका लागि बोलाईनेछ।

**७) द्विपक्षिय सम्झौता :**

क) सम्बन्धित कार्यालयले दफा ६ बमोजिम छनौट भएका आवेदकहरु संग कार्यक्रम संचालन गर्नका लागि अनुसूची ८ बमोजिमको द्विपक्षिय सम्झौता गर्नेछ।

ख) द्विपक्षिय सम्झौतामा उल्लेखित बुदाहरुलाई साझेदारी कार्यक्रम संचालनको मुल आधार मानिनेछ।

**८. भुक्तानी प्रकृया :**

क) सम्बन्धित कार्यालयले साझेदार संग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधिबाट भुक्तानी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ।

ख) अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकमुष्ट रुपमा बैंक खाता मार्फत गरिने छ।

ग) सम्बन्धित साझेदारले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी बिल सहित भुक्तानीको लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले निरीक्षण गरी मनासिव ठहरेमा भुक्तानी दिइनेछ।

**९. विविध :**

क) यस कार्याविधि बमोजिम संचालन हुने कार्यक्रम कार्यान्वयनका दौरान कुनै भ्रम वा विवाद श्रृजना भए गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

ख) सम्बन्धित साझेदारले गाउँपालिका मातहतबाट हुने अनुगमन, निरीक्षण, तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नुपर्नेछ।

ग) कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनछ।

१०. आर्थिक पक्ष :

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोवार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

११. संशोधन तथा खारेजी :

क) यो कार्यविधिको कार्यान्वयलाई थप व्यवस्थीत र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

१२. बाधा अडचन फुकाउने :

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन परे शुद्धोधन गाउँपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१३. परिमार्जन र संशोधन :

यस कार्यविधिलाई आवश्यता अनुसार शुद्धोधन गाउँपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१४. माथि जे सुकै लेखिएतापनि तोकिएकोमा सोही अनुसार र नतोकिएकोमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

अनुसूची-१

दफा ५ खण्ड (क) सँग सम्बन्धित

प्रस्ताव आव्हानको सूचना

शुद्धोधन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

मानपकडी, रुपन्देही

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति ....................

यस गाउँपालिकाको आ.व. २०....../.........को स्वीकृत वार्षिक कार्यक्रम अनुसारका ५० प्रतिशत अनुदानमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक सहकारी संस्था, व्यवसायिक संघ/संगठन, फर्म, कम्पनी, निजी उद्यमी, व्यवसायी, कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

| क्र.सं. | कार्यक्रमहरु | संख्या | कुल अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रस्ताव पत्रका साथ सम्मेलित हुनुपर्ने कागजातहरु

१. सहकार्यको लागि रु १० को हुलाक टिकट टाँस गरेको निवेदन ।

२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३. अनुसूची २ वमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना ।

४. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

५. प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नविकरण र प्रमाणित प्रतिलिपी

६. सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धि (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र कार्यसमितिको निर्ण

७. प्रस्तावकको लागत साझेदारी गर्ने प्रतिबद्धतापत्र ।

८. प्रस्तावक निकायका अध्यक्ष/सक्रिय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता वा सम्बन्धित विष तालिमको प्रमण पत्रको प्रमाणित प्रतिलिपी ।

## अनुसूची २

दफा ५ खण्ड (ख) संग सम्बन्धित

शुद्धोधन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

मानपकडी, रुपन्देही

५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्ययोजना

युवा साझेदारी व्यवसायिक फार्मको

नाम : सम्पर्क नं. :

ठेगाना : गाउँटोल : गा.पा./न.पा.:

जिल्ला : रुपन्देही

गाई भैंसी वाखा पालन गरिने स्थान :

युवा साझेदारी व्यवसायिक गाई भैंसी वाखापालन संचालन गरिने कार्यविवरण :

| क.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रु | निजी लगानी रु | जम्मा लगानी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

युवा साझेदारी व्यवसायिक विशेष पशु उत्पादन व्यवसायिक कार्य गर्ने व्यवसायिले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ ।

गाई भैंसी बाखा पालन गरेको भए विगत कति बर्ष देखि निरन्तर पालन गर्दै आएको हो ?
बर्ष............महिना............

गाई भैंसी बाखाको जात : गाई भैंसी बाखाको संख्या :

रांगा/सांढे/बोकाको संख्या :

गाई भैंसी बाखा पालन पद्धति :

घाँस खेती गरिएको क्षेत्रफल :

घाँसको किसिम :

डालेघाँसको किसिम र संख्या :

व्यवसायको लागि श्रमको व्यवस्थापन :

पारिवारिक : महिला संख्या :........................पुरुष संख्या :...........................

बाहिरबाट : महिला संख्या :...................... पुरुष संख्या : ..............................

जम्मा : महिला संख्या :..........................पुरुष संख्या :..........................

उत्पादित वस्तुको बजार :

अपेक्षित बार्षिक प्रतिफल :

युवा साझेदारी व्यवसायी फर्मको संचालकको तर्फबाट सही गर्नेको :

नाम :

संस्थाको छाप :

दस्तखत :

मिति :

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

## अनुसुची ३

दफा ५ खण्ड ख संग सम्वन्धित

**लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र**

श्री शुद्धोधन गाउँपालिका पशु सेवा शाखाको मिति....................मा प्रकाशित सुचना अनुसार शु गाउँपालिका वार्ड नं.........गाउँ/टोल .....................बस्ने श्री......................ले लागत साझे ................................कार्यक्रम संचालनका लागी पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल ल रु..................को..........प्रतिसतले हुन आउने रु........... अक्षेरुपी.............बराबरको लगानी आफ्नो आन्तरीक श्रोतवाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

**निबेदकको**

दस्तखत:

नाम:

मिति:

## अनुसुची ४

दफा ५ खण्ड ख संग सम्वन्धित

**सिफारीस पत्र**

श्री शुद्धोधन गाउँपालिका पशु सेवा शाखाको मिति.....................मा प्रकाशित सुचना अनुसार श गाउँपालिका वार्ड नं.........गाउँ/टोल .....................बस्ने श्री......................ले लागत साझे ................................कार्यक्रम संचालनका लागी पेश गरेको विवरण सही रहेको र निज उत्त कार्यक्रम संचालनका लागी उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रकियामा संलग्न गरिदिनु हु सिफारिस गरिएमो व्यहोरा अनुराध गर्दछु ।

**सिफारिस गर्नेको**

दस्तखत:

नाम:

पद:

किशुन चन्द्र चौधरी

शुद्धोधन गाउँपालिका
कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

## अनुसुची ५

दफा ५ खण्ड ख संग सम्बन्धित

५० प्रतिसत अनुदान कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिईने आबेदन- पत्र

श्रीमान प्रमुख ज्यू,

शुद्धोधन गाउँपालिकाको कार्यालय

मानपकडी,रुपन्देही ।

**बिषयः ५० प्रतिशत अनुदानमा .............कार्यक्रम उपलब्ध गराई दिने सम्बन्धमा ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी.....................कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निबेदन गर्दछु ।मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकिया अनुसार शुद्धोधन गाउँपालिका भित्र रही कार्य गर्नेछु ।

**पुनश्चः** तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१.............

२............

३............

## अनुसुची ६

दफा ६ खण्ड ख संग सम्बन्धित

**प्रस्ताब मुल्यांकन फारम**

| क.सं. | मुल्यांकनका आधारहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आवेदन सम्बन्धि | | |
| **१.१** | **सस्थाको उमेर** | १० | |
| १.१.१ | ३ बर्ष भन्दा घटी | २ | |
| १.१.२ | ३ देखी ५ बर्ष | ३ | |
| १.१.३ | ६ देखी १० बर्ष | ४ | |
| १.१.४ | १० बर्ष भन्दा बढी | ५ | |
| **१.२** | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पुर्वाधारको अवस्था** | १५ | |
| १.२.१ | सडक सुबिधा भएको | २ | |
| १.२.२ | पक्कि सडक भएको | २ | |
| १.२.३ | विजुली सुविधा भएको | २ | |

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| १.२.४ | खानेपानीको सुविधा भएको | २ | |
| १.२.५ | जग्गाको स्वामित्व आफ्नै भएको | ३ | |
| १.२.६ | आफ्नै स्वामित्व भवन,सवारी साधन,यन्त्र उपकरण भएको | ४ | |
| **१.३** | **प्राबिधिक दक्षता (सम्बन्धित बिषयको तालिम)** | **१०** | |
| १.३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| १.३.२ | ८ देखी १५ दिन अवधि सम्मको तालिम | ४ | |
| १.३.३ | १६ देखी ३० दिन अवधि सम्मको तालिम | ६ | |
| १.३.४ | १ देखी ३ महिना अवधि सम्मको तालिम | ८ | |
| १.३.५ | ३ महिना भन्दा बढी अवधि सम्मको तालिम | १० | |
| **१.४** | **वितिय क्षमता** | **४** | |
| १.४.१ | साझेदारीको प्रतिवद्धता सामेल भएको | २ | |
| १.४.२ | अन्य निकाय वाट पनि साझेदारी हुने प्रतिवद्धता भएको | २ | |
| **१.५** | **प्रत्यक्ष लाभान्वित संख्या** | **५** | |
| १.५.१ | ५ जना सम्म | १ | |
| १.५.२ | ६ देखी १० जना | २ | |
| १.५.३ | ११ देखी १५ जना | ३ | |
| १.५.४ | १६ देखी २० जना | ४ | |
| १.५.५ | २१ जना भन्दा बढी | ५ | |
| **१.६** | **अप्रत्यक्ष लाभान्वित संख्या** | **१०** | |
| १.६.१ | ५० जना सम्म | २ | |
| १.६.२ | ५१ देखी १०० जना सम्म | ४ | |
| १.६.३ | १०१ देखी १५० जना सम्म | ६ | |
| १.६.४ | १५१ देखी २०० जना सम्म | ८ | |
| १.६.५ | २०१ ज्ना भन्दा बढी | १० | |
| **१.७** | **वातावरणिय उपयुक्तता** | **६** | |
| १.७.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आकलन गरीएको | ३ | |
| १.७.२ | वातावरणिय प्रभाव न्यनीकरणका उपायहरु सामेल गरीएको | ३ | |
| **१.८** | **अन्य पक्षहरु** | **१५** | |
| १.८.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम बिच तालमेल | ५ | |
| १.८.२ | सस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादम्यता | ५ | |
| १.८.३ | थप रोजगारी श्रृजना संख्या | ५ | |
| **१.९** | **स्विकृत कार्यविधिका अनुसारका थप आधारहरु** | **२५** | |
| १.९.१ | आवेदक सस्थाको किसिम र सुचना मुताबिक सम्बन्धित कार्यालयको | ५ | |

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| | प्राथमिकता मेल खाने | | |
| १.९.२ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| १.९.३ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| १.९.४ | मुनाफा र समविन्दुको आधारमा उपयुक्तता र दिगोपन | ५ | |
| १.९.५ | वडा कार्यालयको सिफारिस | १ | |
| १.९.६ | आधिकारिक निकायमा दर्ता नविकरण | २ | |
| १.९.७ | कर चुक्ताको र्पमाण | २ | |
| | जम्मा | १०० | |

## अनुसुची ७

दफा ६ खण्ड ग संग सम्बन्धित

स्थलगत प्रमाणिकरण मुल्यांकन फारम

(क) सामान्य जानकारी :

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्रम संचालन स्थलको ठेगाना :

४. प्रस्तावित कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख) आवेदकको मुल्यांकन :

| क्र.सं. | विवरण | प्रमाणिकरणमा भेटीएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न पर्याप्त जग्गा छ/छैन | | |
| १.३ | भविश्यमा विस्तारका लागी जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ/छैन | | |
| १.४ | बढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो,पानी,बिजुलीको | | |

| | | | |
|---|---|---|---|
| | सुविधा छ/छैन | | |
| १.६ | भैगोलिक हिसाबले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २. | **प्राबिधिक क्षमता** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रम संग मेल खाने कियाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्वन्धित बिषयको तालिम /अनुभव प्राप्त छ/छैन | | |
| ३. | **वितिय क्षमता** | १५ | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैङ्क मौज्दात वा हाल संचालित कारोबारको बचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वितिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४. | **वतावरणीय उपयुक्तता** | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्दा स्थानिय बासिन्दाबाट बिरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| ५. | **अन्य पक्ष** | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कियासिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/कर चुक्ता/अडिट आदी अधावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित बस्तुको सहज वजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६. | **स्थलगत प्रमाणीकरण टोलीको राय** | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | जम्मा | १०० | |

नोट : माथी उल्लेखित प्रत्यक बुदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक अवस्था भेटिए ५ अंक र नकारात्मक अवस्था भेटिए ० अंक प्रदान गर्ने । उर्त्तिणहुनका लागी न्युनतम ४० अंक प्राप्त गर्नु पर्नेछ ।

किशुन चन्द्र चौधरी
अध्यक्ष

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

ग) आवेदक संग बिधमान भवन,सवारी साधन ,ठुला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.सं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

ङ) स्थलगत प्रमाणिकरण टोलीको राय :

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुदैन भनी राय पेश गर्ने ।

| क्र.सं. | नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसुची ८

दफा ७ खण्ड क संग सम्वन्धित

५० प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमको द्धिपक्षिय

### सम्झौता पत्र

शुद्धोधन गाउँ पालिका,गाउँ कार्यपालिकाको कार्यालय,मानपकडी रुपन्देहीको आर्थिक बर्ष ..............को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ........................कार्यक्रम संचालन गर्न श्री शुद्धोधन गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,मानपकडी, रुपन्देही (यस पछी प्रथम पक्ष भनिने) र श्री...............................(यस पछी दोश्रो पक्ष भनिने) विच तपशिल वमोजिमका शर्तहरु पालना गर्ने गरी द्धिपक्षिय सम्झौता गरी दियौ/लियौ ।

तपशिल

१. दोश्रो पक्षले प्रस्तावमा प्रस्ताव गरे बमोजिमको कार्यक्रम यसै आर्थिक बर्षको दोश्रो चौमासीक अवधी भित्र सम्पन्न गर्नेछ ।

२.कार्यक्रम संचालनका लागी आवश्यक खरीद कार्य,ढुवानी र संचालन आदीको व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

३. दोश्रो पक्षले प्रस्तावमा प्रस्तावित कार्य सम्पन्न गरी सकेपछी नियमानुसारको बिल,कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्तलगत प्राविधिक प्रतिबेदनको आधारमा मनासिब ठहरे दोश्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

४.प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाहा सुझाब दिन सक्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

६. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन,मर्मत संभार, व्यवस्थापन,जोखीम र दिगोपनका लागी गरीने कार्यहरु तथा अप्रत्यासीत रुपमा श्रृजीत सबै प्रकारका दायीत्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

८. सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

९. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको सामान खरीद गर्नु पूर्व प्रथम पक्ष संग स्विकृत गराई सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष भुक्तानी दिन वाध्य हुने छैन ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फ बाट** |
| --- | --- |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| कार्यालयको छाप | कार्यालयको छाप |

**रोहबर**

| | |
| --- | --- |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| कार्यालयको छाप | कार्यालयको छाप |

ईति संवत...............साल...........महिना........गते रोज.......मा शुभम ।

किशुन चन्द्र चौधरी
अध्यक्ष

# अनुसुचि ९

दफा ६ खण्ड ङ संग सम्बन्धित

## गाउँपालिका पशुबिकास कार्यदलमा रहने पदाधिकारीहरु

| | |
|---|---|
| अध्यक्ष, गाउँपालिका | संयोजक |
| उपाध्यक्ष, गाउँपालिका | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत,गाउँपालिका | सदस्य |
| संयोजक आर्थिक बिकास समिति | सदस्य |
| शाखा प्रमुख, कृषि बिकास शाखा | सदस्य |
| शाखा प्रमुख,महिला तथा बालबालिका | सदस्य |
| गाउँपालिकामा रहेका दुग्ध उत्पादन सहकारीसस्थाका अध्यक्षहरु मध्य बाट १ जना | सदस्य |
| व्यवसायिक पशुपालक कृषक मध्य बाट १ जना | सदस्य |
| शखा प्रमुख,पशुसेवा शाखा | सदस्य सचिव |

जम्मा ९ सदस्य रहने ।

गाउँपालिका अध्यक्षबाट प्रमाणीकरण मिति: २०७५/०६/२५

किशुन चन्द्र चौधरी
अध्यक्ष